# रेल्वे ऐन, २०२०

लालमोहर र प्रकाशन मिति

२०२०।४।३२

| संशोधन गर्ने ऐन | लालमोहर र प्रकाशन मिति |
| --- | --- |
| १. न्याय प्रशासन सुधार ऐन, २०३१ | २०३१।४।१८ |
| २. न्याय प्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ | २०४३।७।२४ |
| ३. न्याय प्रशासन ऐन, २०४८ | २०४८।२।१६ |

## २०२० सालको ऐन नं. ८

## रेल्वे सम्बन्धी नेपाल कानूनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन

**प्रस्तावना** : सार्वजनिक हित तथा सर्वसाधारण जनताको सुविधाको लागि रेल्वे सम्बन्धी प्रचलित नेपाल कानूनको छानबीन गरी देश, काल एवं परिस्थिति अनुसार आवश्यक संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहेदवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१ यस ऐनको नाम "रेल्वे ऐन, २०२०" रहेकोछ ।

(२) यो ऐन २०२० साल भाद्र १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "रेल्वे" भन्नाले यात्री, जीवजन्तु वा मालसामान ओसार्नको निमित्त सार्वजनिकरुपमा राखिए वा बनाइएको रेल्वे वा रेल्वेको कुनै हिस्सालाई सम्झनु पर्छ र सो शब्दमा देहायका कुराहरुलाई समेत समावेश भएको मानिनेछ :-

(१) घेरा लगाई वा अरु कुनै किसिमले साँध छुट्याई राखिएको रेल्वेको जग्गा जमीन,

(२) लिक वा त्यस्तो लिकको कुनै हिस्सा र सो माथि चल्ने इन्जीन, गाडी र तत्सम्बन्धी सबै सामान,

(३) रेल्वेस्टेशन, कार्यालय, गोदाम कारखाना, यन्त्र, यन्त्रसामग्री र रेल्वेको कामका निमित्त बनाइएको वा चलन गरिएको अरु जुनसुकै निर्माणको काम ।

(ख) “रेल गाडी” भन्नाले यन्त्रको सहायताबाट लिकमा चल्ने सार्वजनिक सवारीलाई सम्झनु पर्छ ।

(ग) “रेल्वे कर्मचारी” भन्नाले रेल्वेको सेवा वा काममा नियुक्त भएका कर्मचारीलाई सम्झनु पर्छ ।

(घ) “टिकट” भन्नाले रेल गाडीमा यात्रा गर्न तोकिए बमोजिमको भाडा तिरेको तोकिए बमोजिमको निस्सालाई सम्झनु पर्छ ।

(ङ) “विल्टी” भन्नाले रेल गाडीबाट जीव जन्तु वा मालसामान ल्याउने वा लैजानका निमित्त तोकिए बमोजिमको भाडा तिरेको तोकिए बमोजिमको निस्सालाई सम्झनु पर्छ ।

(च) “लिक” भन्नाले रेल्वे लिकलाई सम्झनु पर्छ ।

(छ) “मेनेजर” भन्नाले रेल्वे सूचारुरुपले कानून बमोजिम संचालित गर्ने गराउने प्रमुख कर्मचारीलाई सम्झनु पर्छ ।

(ज) “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिए बमोजिमको सम्झनु पर्छ ।

३. **रेलगाडी चलाउँदा तोकिए बमोजिम चलाउनु पर्ने** : (१) रेलगाडी चलाउँदा तोकिए बमोजिम चलाउनु पर्छ ।

(२) तोकिए बमोजिमको होशियारी साथ रेलगाडी चलाउँदा वा सोसम्बन्धी कुनै काम गर्दा भवितव्य परी वा रेल्वे कर्मचारी बाहेक अरु कसैले गरे बिराए वा गफलत गरेबाट कुनै किसिमको हानी नोक्सानी पर्न गएमा सो रेलगाडी चलाउने वा कामगर्ने रेल्वे कर्मचारी वा रेल्वे प्रशासन उपर यस ऐन बमोजिम कारवाई चलाउने वा निजलाई यस ऐन बमोजिम सजाय गरिने छैन ।

४. **रेलको इन्जीन चालकको योग्यता** : देहायको योग्यता नभएको कुनै व्यक्ति रेल इञ्जीनको चालक हुन योग्य मानिने छैन :-

(क) कम्तीमा तीन वर्ष वा सो भन्दा बढी अवधिसम्म सो कामको अनुभव प्राप्त गरेको नभई, वा

(ख) नेपाल सरकारले मान्यता दिएको कुनै कलेज, रेल्वे संस्था वा ट्रेनिङ्ग स्कूलबाट इलम हासिल गरी यस कामको योग्यताको प्रमाणपत्र पाएको नभई ।

५. **रेल्वे सम्बन्धी अपराध** : (१) कसैले लिकको माटो खन्न, घाँस खुर्कन, माटो वा ढुङ्गा फयाँक्न, लिकमा ढुङ्गा, काठ वा अरु कुनै कुरा राख्न, लिक वा सो सम्बन्धी किला, काँटा, स्लिपर इत्यादि झिक्न, ज्वायन्टसहरु खुकुलो पार्न वा अरु कलपूर्जा चलाउन, सारफेर गर्न वा बन्द गर्न वा रेल्वेको कुनै निशान वा बत्ती लुकाउन, चलाउन, झिक्न, फरक गरी देखाउन, बदलिन, मेट्न, हटाउन, खुर्किन वा रेलगाडी लिकबाट छुट्न खस्न जाने वा अरु कुनै किसिमको दुर्घटना हुने सम्भावना भएको काम कुरा गर्न गराउन हुँदैन ।

तर रेल्वे सम्बन्धी कुनै काम कुरा बनाउन वा मिलाउन आवश्यक भई रेल्वे प्रशासनद्वारा अधिकृत व्यक्तिले वा निजको आदेशले कुनै काम गरेकोमा यो उपदफा लागू हुनेछैन ।

(२) कसैले उपदफा (१) मा वा यस ऐन अन्तर्गतको नियमद्वारा मनाही भएको कुनै काम कुरा गरे गराएमा सो गर्ने गराउनेलाई देहाय बमोजिम सजाय हुन्छः-

(क) रेलगाडी लिकबाट खस्न, छुट्न, जुध्न, ठक्कर खान वा रेल्वे वा अरु कसैलाई कुनै किसिमको हानी नोक्सानी हुन पाएको रहेनछ भने तीनसय रुपैयाँ जरिवाना वा तीन महीना कैद वा दुबै,

(ख) रेलगाडी लिकबाट छुटेमा, खसेमा वा अरु कुनै किसिमबाट दुर्घटनाग्रस्त भएमा वा रेल्वे वा अरु कसैलाई कुनै किसिमको हानी नोक्सानी भएमा नोक्सानी बिगो लिई पहिला पटकलाई एक हजार रुपैयाँसम्म जरिवाना र एक वर्षसम्म कैद, दोस्रो पटकलाई तीन हजार रुपैयाँसम्म जरिवाना र तीन वर्ष कैद र तेस्रो पटकदेखि प्रत्येक पटकलाई अघिल्लो पटक भएको सजायमा तीन वर्षका दरले बढाई कैद ।

तर यसरी बढाई कैद गर्दै जाँदा २० वर्षभन्दा बढी कैद हुने भएमा २० वर्षसम्म मात्र कैद हुनेछ ।

(३) रेल्वे सम्बन्धी कुनै कामका लागि आवश्यक भई रेल्वे प्रशासनद्वारा अधिकृत व्यक्तिले वा निजको आदेशले गरे बनाएकोमा बाहेक रेल्वेले घेरा लगाई वा अरु कुनै किसिमले साँध छुट्याई राखेको रेल्वेको जग्गा कसैले कुनै प्रकारले आवाद गर्न वा त्यस्तो जग्गामा घर बनाउँन हुँदैन, कसैले आवाद गरेमा वा घर बनाएमा सो घरसमेत भत्काई पहिला पटकलाई एकसय रुपैयाँसम्म जरिवाना दोस्रो पटकलाई ५००।- रुपैयाँ जरिवाना वा एक वर्ष कैद वा दुबै सजाय हुनेछ ।

६. **रेल्वे कर्मचारीले गरेमा थप सजाय** : दफा ५ को उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो दफाको बर्खिलाप कुनै काम कुरा गर्ने गराउने व्यक्ति रेल्वेको कर्मचारी रहेछ भने निजलाई सो उपदफा (२) मा लेखिएको सजायमा देहाय बमोजिम थप सजाय समेत हुन्छ :-

(क) रेलगाडी लिकबाट खस्न, छुट्न, जुध्न, ठक्कर खान वा कसैलाई अरु कुनै किसिमको हानी नोक्सानी हुन पाएको रहेनछ भने पाँचसय रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै,

(ख) रेलगाडी लिकबाट छुटेमा, खसेमा वा अरु कुनै किसिमले दुर्घटनाग्रस्त भएमा वा कसैलाई कुनै किसिमको हानी नोक्सानी हुन गएकोमा एक हजार रुपैयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै ।

७. **मारौं भन्ने नियतले गरेमा ज्यान सम्बन्धी कानून बमोजिम सजाय हुने** : कसैले कसैको ज्यान लिने नियतले वा ज्यान मर्न सक्तछ भन्ने जानी जानी लापरवाहीसित दफा ५ को उपदफा (२) बमोजिम सजाय हुने कुनै कसूर गरे गराएबाट कसैको ज्यान मर्न गएको रहेछ भने यस ऐनमा

अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सो काम कुरा गर्ने गराउनेलाई मुलुकी ऐन ज्यान सम्बन्धीका महल बमोजिमको सजाय हुन्छ ।

८. **घा खर्च वा क्रिया खर्च भराउने** : (१) कसैले यस ऐन बमोजिम सजाय हुने कुनै कसूर गरेबाट कसैलाई कुनै किसिमको घा चोट लागेको वा कसैको मृत्यु भएको रहेछ भने ऐनले हुने सजायमा थप देहाय बमोजिम क्रिया खर्च वा घा खर्च समेत सो कसूरदारबाट भराई दिनुपर्छ :-

(क) ज्यान मरेकोमा सो मर्ने व्यक्तिका सबभन्दा नजिकका हकदारलाई क्रिया खर्च, र

(ख) अङ्गभङ्ग भएमा निको भैकन पनि काम नलाग्ने भए एकहजार रुपैयाँ देखि तीन हजार रुपैयाँसम्म र काम लाग्ने भए पाँचसय रुपैयाँदेखि एक हजार रुपैयाँसम्म घा चोट लागेको व्यक्तिलाई घा खर्च ।

(२) उपदफा (१) बमोजिम बुझाउनु पर्ने क्रिया खर्च वा घा खर्च सो बुझाउनु पर्नेले बुझाउन सकेन भने प्रचलित नेपाल कानून बमोजिम निजको जायजातबाट भरी भराउ गरी दिनु पर्छ ।

(३) अन्य प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम क्रिया खर्च वा घा खर्च भराई दिएकोमा दशौंद लाग्दैन ।

९. **रेलगाडीमा ढुङ्गा इत्यादि फाल्नेलाई सजाय** : रेलगाडीमा ढुङ्गा वा अरु कुनै ठोस पदार्थले हान्ने वा धुलो मैलो वा कुनै गन्दा पदार्थ फयाँक्नेलाई अरु कानूनले हुने सजायमा थप एकसय रुपैयाँसम्म जरिवाना वा सात दिनसम्म कैद हुन्छ ।

१०. **सम्बन्धित अधिकारीको इजाजत वा टिकट नभै रेल्वे हाता इलाकामा जान मनाही** : कुनै रेल्वे कर्मचारीसँग रेल्वे सम्बन्धी कुरा सोध्न बुझ्न परेमा बाहेक यस सम्बन्धमा अधिकार प्राप्त अधिकारीको इजाजत बेगर वा टिकट नलिई अनधिकृत व्यक्तिहरु रेल्वेको हातामा जानु बस्नु हुँदैन त्यसरी गए बसेमा रेल्वे प्रशासनका सम्बन्धित अधिकारीले निजलाई बीस रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

स्पष्टीकरण : यस दफाको तात्पर्यको लागि “रेल्वे हाता” भन्नाले रेल्वे स्टेशन र सूचना प्रकाशित गरी रेल्वे प्रशासनले मनाही गरेको रेल्वेको हातालाई सम्झनु पर्छ ।

११. **कसूर गर्न उद्योग वा मद्दत गरेमा सजाय** : (१) कसैले यस ऐन बमोजिम सजाय हुने कुनै काम गर्ने उद्योगसम्म गरेको काम भने गरी नसकेकोमा निजलाई सो कसूर गरेमा हुने सजायको आधा सजाय हुन्छ ।

(२) यस ऐन बमोजिम सजाय हुने कुनै काम गर्न दुरुत्साहन दिने व्यक्तिलाई सो काम गर्नेलाई हुने सरह सजाय हुन्छ ।

१२. **रेलगाडीमा यात्रा गर्दा वा माल ओसार्दा टिकट खरीद गर्नु पर्ने** : (१) रेलगाडीमा चढ्दा, यात्रा गर्दा वा मालसामान ओसार्दा तोकिए बमोजिम निर्धारित गरिएको महसूल तिरी टिकट वा बिल्टी लिई तोकिए बमोजिम यात्रा गर्नु वा मालसामान ओसार्नु पर्छ ।

तर रेल्वे प्रशासनका सम्बन्धित अधिकारीले बिना किराया रेलगाडीमा चढ्न, यात्रा गर्न वा मालसामान ओसार्न तोकिए बमोजिमको अवस्थामा तोकिए बमोजिम अनुमति पत्र दिएकोमा यस उपदफाको कुनै कुरा लागू हुनेछैन ।

(२) उपदफा (१) मा लेखिएको कुनै कुराको बर्खिलाप गरी कसैले रेलगाडीमा चढे, यात्रा गरे वा मालसामान ओसारेमा निजलाई देहाय बमोजिम सजाय हुनेछ :-

(क) टिकट नलिएकोमा निर्धारित टिकट महसूलको बिगो उपर गरी सो बिगो बमोजिम जरिवाना ।

(ख) अरु कुनै काम कुरा गरेकोमा पचास रुपैयाँसम्म जरिवाना ।

(३) उपदफा (२) बमोजिमको बिगो वा जरिवाना अधिकार प्राप्त सम्बन्धित रेल्वे कर्मचारीले असूल गर्नेछ र कसैले सो नतिरेमा त्यस्तो व्यक्ति र मालसामान भए त्यस्तो मालसामान समेत सो कर्मचारीले अघिल्लो आउने स्टेशनमा रेलगाडीबाट ओराल्न सक्नेछ र त्यस्तो व्यक्ति उपर मुद्दाको कारवाई चलाउन सम्बन्धित प्रहरी कार्यालयमा सुम्पिदिनेछ ।

१२क. ↔**अञ्चलाधीश वा रेल्वे मेनेजरले रेलगाडी जाँच्न सक्ने** : अञ्चलाधीश वा रेल्वे मेनेजर वा निजले खटाएको राजपत्रांकित अधिकृत तहसम्मको अरु कुनै कर्मचारीले कसैले गैरकानूनी तरीकाले रेलगाडीमा यात्रा गरेको वा मालसामान ओसारेको कुराको जाँचबुझ गर्न आवश्यक देखिएमा चलिरहेको रेलगाडीलाई समेत बीचैमा रोकी जाँचबुझ गर्न सक्नेछ र सो बमोजिम जाँचबुझ गर्दा दफा १२ को अवहेलना गरी कसैले यात्रा गरेको वा मालसामान ओसारको मौकामा पकडेमा सो दफा बमोजिम हुने सजायमा थप पचास रुपैयाँसम्म जरिवाना वा पन्ध्र दिनसम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

१३. **विस्फोटक पदार्थहरु राख्न ल्याउन लैजान नहुने** : विस्फोटक पदार्थ ऐन, २०१८ बमोजिमको विस्फोटक पदार्थ कुनै व्यक्तिले कानून बमोजिम राख्न, लैजान वा ल्याउन चाहेमा रेल्वे मेनेजरका विशेष अनुमति वेगर त्यस्तो पदार्थ राख्न, ल्याउन वा लैजान हुँदैन ।

१४. **रेल्वेले जिम्मा लिएको सामान सुरक्षित राख्नु पर्ने** : कसैको कुनै मालसामान अधिकार प्राप्त रेल्वे कर्मचारीले बुझी लिई रीतपूर्वक रसीद दिइसकेपछि भवितव्य परी रेलगाडी दुर्घटनाग्रस्त भै हानी नोक्सानी भएकोमा बाहेक अरु कुनै प्रकारले हानी नोक्सानी भएमा सो नोक्सानी बिगो रेल्वे प्रशासनले बेहोर्नु पर्छ ।

↔ यस ऐनमा प्रयोग भएको अञ्चलाधीश पद हाल कायम नरहेको ।

तर तोकिएको म्यादभित्र माल छुटाई (डिलेवरी) नलिएका कारणबाट सो माल सडी, गली, हानी नोक्सानी भएमा वा वेसाबूत हुन गएमा सो मालधनी प्रति रेल्वे प्रशासन जवाफदेही हुने छैन ।

१५. **डिमरेज व्हारफेज लगाउने** : रेलगाडीबाट चलान भै आएको मालसामान तोकिएको समयमा छुटाई नलिएमा तोकिएको दरले डिमरेज वा व्हारफेजसमेत लगाइनेछ र व्हारफेजको सूचना दिइएको वा डिमरेज लागेको म्याद नाघ्दा पनि माल नछुटाएमा सो मालको महसूल र त्यसमा लागेको डिमरेज वा व्हारफेज वा दुबै वापत सोही माल कानून बमोजिम लिलाम बिक्री गरी आएकोबाट सो बिगो उपर गरिनेछ ।

१६. **बिना वारेण्ट पक्राउ गर्न सकिने** : कसैले यस ऐन बमोजिम सजाय हुने कुनै कसूर गरेको छ वा गर्न लागेको छ भन्ने लागेमा जोसुकैले पनि त्यस्ता व्यक्तिलाई बिना वारेण्ट पक्राउ गरी सम्बन्धित प्रहरी अधिकृत वा रेल्वे कर्मचारी कहाँ लगी बुझाई दिनु पर्छ ।

तर कुनै रेलगाडी चलाई रहेका चालक वा गार्डले त्यस्तो कसूर गरेकोमा निजलाई सो रेलगाडी पुग्नु पर्ने अन्तिम स्टेशनमा नपुग्दै बीचैमा पक्राउ गर्न सकिने छैन । त्यस्तो व्यक्ति भाग्न उम्कन नपाउने गरी प्रहरी कर्मचारीहरु साथै लागि गै उक्त स्थानमा रेलगाडी पुगेपछि मात्र कानून बमोजिम गर्नु गराउनु पर्छ ।

१७. **मुद्दा हेर्ने** : ज्यान मरेको वा अङ्गभङ्ग भएकोमा बाहेक यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दा स्थानीय अञ्चलाधीशबाट ठाडै कारवाई गरी किनारा लगाउन सकिनेछ र त्यसमा चित्त नबुझ्नेले कानून बमोजिम [?]पुनरावेदन अदालतमा पुनरावेदन गर्न पाउनेछ ।

१८. **उजूर गर्ने हदम्याद** : दफा ७ बमोजिम सजाय हुने कसूर गरेकोमा बाहेक यस ऐन बमोजिम सजाय हुने अरु कुनै कसूरमा सो भए गरेको ३५ दिनभित्र नालिस नदिए लाग्न सक्तैन ।

१९. **नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले नियम बनाउन सक्नेछ ।

२०. **यस ऐनमा नलेखिए जति प्रचलित कानून बमोजिम हुने** : यस ऐनमा लेखिए जति कुरामा सोही बमोजिम र यस ऐनमा नलेखिएको कुरामा प्रचलित नेपाल कानून बमोजिम गर्नु पर्छ ।

---

[?] न्याय प्रशासन ऐन, २०४८ द्वारा संशोधित ।

द्रष्टव्य :- केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ बमोजिम रूपान्तर भएका शब्दहरू:-

"श्री ५ को सरकार" भन्ने शब्दको सट्टा "नेपाल सरकार" ।